बैठक संख्या: ०३

मिति: २०८० भदौ ०४ गते

समय: विहान ८ बजे

नगर कार्यपालिकाका अध्यक्ष/नगरप्रमुख श्री भूपेन्द्र कुमार लावतीको अध्यक्षता र देहायको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बस्यो ।

उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भूपेन्द्रकुमार लावती | नगर प्रमुख/अध्यक्ष | |
| २ | श्री कृष्णकुमारी निरौला | उप प्रमुख | |
| ३ | श्री विष्णुकुमार मगर | वडाध्यक्ष वडा नं.१ | |
| ४ | श्री तेजप्रसाद तिम्सिना | वडाध्यक्ष वडा नं.२ | |
| ५ | श्री डम्बर बहादुर राई | वडाध्यक्ष वडा नं.३ | |
| ६ | श्री रामकुमार श्रेष्ठ | वडाध्यक्ष वडा नं.४ | |
| ७ | श्री भूमबहादुर सुर्य मगर | वडाध्यक्ष वडा नं.५ | |
| ८ | श्री जंगवीर तामाङ | वडाध्यक्ष वडा नं.६ | |
| ९ | श्री खगेन्द्रबहादुर लिम्बु | वडाध्यक्ष वडा नं.७ | |
| १० | श्री भीमप्रसाद पोखेल | वडाध्यक्ष वडा नं.८ | |
| ११ | श्री नन्दप्रसाद खतिवडा | वडाध्यक्ष वडा नं.९ | |
| १२ | श्री अमिता राई | कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १३ | श्री चम्पा थापा मगर | कार्यपालिका सदस्य | |
| १४ | श्री शोभा बोहरा | कार्यपालिका सदस्य | |
| १५ | श्री पुरणमाया राई | कार्यपालिका सदस्य | |
| १६ | श्री गीता मगर | कार्यपालिका सदस्य | |
| १७ | श्री ओमप्रकाश वि.क. | कार्यपालिका सदस्य | |
| १८ | श्री गंगामाया विश्वकर्मा | कार्यपालिका सदस्य | गंगा |
| १९ | श्री माया नेपाली दर्जी | कार्यपालिका सदस्य | |
| २० | श्री नारायण न्यौपाने | सदस्य सचिव | |

अन्य उपस्थिति

प्रा. उपसचिव श्री. कृष्णराज राई

इन्जिनियर श्री. भानुभक्त राई

जनस्वास्थ्य अधिकृत श्री केशव रिजाल

लेखा अधिकृत श्री डिकबहादुर भण्डारी

कृषि ~~शा~~ उपशाखा प्रमुख श्री करुणा श्रेष्ठ

प्रशासन शाखा श्री रवि दुवेदी

२०८० भाद्र ४ गते सोमबार

बैठक संख्याः ३

| सि नं | विषय | निर्णय |
|---|---|---|
| १ | समीक्षा सम्बन्धमा | मिति २०८०।०४।१९ गते बसेको कार्यपालिकाको बैठकको निर्णय कार्यान्वनको समीक्षा गरियो। |
| २ | घर अभिलेखीकरणको म्याद थप सम्बन्धमा। | लेटाङ नगरपालिकाबाट मिति २०८० असार मसान्तसम्म घर अभिलेखीकरण म्याद सकिएकोमा पुनः म्याद थप २०८० पौष मसान्तसम्म थप गर्ने। |
| ३ | खोलाजन्य पदार्थको स्टक प्रमाणित सम्बन्धमा। | खोलाजन्य पदार्थ (गिटी, बालुवा) संकलनको श्रोत खुलेको प्रमाण सहित (भ्याट बिल) लिइ स्टक प्रमाणितको निवेदन आएमा स्टक प्रमाणित गरिदिने र उक्त स्टक प्रमाणित गरिएको खोलाजन्य पदार्थ एकपटकका लागि मितिः२०८० कात्तिक मसान्त सम्म सम्पूर्ण परिणाम उठाइसक्ने सर्त सहित प्रमाणित गरिदिने। सो अवधिमा स्टक क्लियरेन्स नभएमा नियमानुसार स्टक जफत गर्ने। |
| ४ | दमकल तथा शववाहन चालकको अतिरिक्त पारिश्रमिक सम्बन्धमा। | लेटाङ नगरपालिकामा कार्यरत दमकल सवारी चालक महेश कोइराला र जीवन भट्टराईलाई कार्यालय समय भन्दा अतिरिक्त समय बिहान, बेलुका र राती काम गरे बापत हाजिरको उपस्थित अनुसार प्रतिदिन रु. ४००।– अतिरिक्त भत्ता दिने र शव वाहन चालक कुल बहादुर भूजेललाई लेटाङ नगरपालिका भन्दा बाहिर शब लिन जाँदा आउँदा प्रति ट्रिप बापत खाजानास्ता बापत रु. ४००।– दिने । |
| ५ | जेहेन्दार र गरिब छात्रवृत्तिको बिनियोजित रकम ब्रेक डाउन सम्बन्धमा। | लेटाङ नगरपालिकाको चालु आ.व. को जेहेन्दार र गरिब छात्रवृत्ति कार्यक्रममा बिनियोजित रकम रु. २ लाख मध्ये उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीका लागि ७५०००/- र माध्यमिक शिक्षा (कक्षा ११ र १२) मा अध्ययन गर्ने विद्यार्थीका लागि रू १२५०००/- हुने गरी ब्रेक डाउन गर्ने। |
| ६ | आय संकलन ठेक्का ( स्थानीय पूर्वाधार, निकासी र वडा नं. ४ हाटबजार) को अंक पुनरावलोकन सम्बन्धमा। | लेटाङ नगरपालिकाद्वारा आ.व. २०८०।०८१ का लागि आय संकलन ठेक्का (स्थानीय पूर्वाधार, निकासी र वडा नं. ४ हाटबजार) को प्रथम पटक मिति २०८०।०३।१२ गते ठेक्का रकम रु. ८५,००,०००।– को बोलपत्र सूचना आव्हान गरेकोमा ठेक्काको कुनैपनि बोलपत्र नपरेकोले पुनः दोस्रो पटक २०८०।०४।१५ गते रु. ८५,००,०००। ठेक्का आव्हान गरेकोमा दोस्रो पटक पनि कुनै बोलपत्र नपरेकोले पुनःसूचना आव्हान गरी २०८० भाद्र मसान्तसम्म उक्त ठेक्का प्रक्रिया पुरा हुन समय लाग्ने भएकोले उक्त २०८० श्रावण र भाद्र महिनाको ठेक्का अंकको अनुपातमा रकम घटाई आएको रकम ७०,१२,५००।- पुनःतेस्रो पटक ठेक्काको सार्वजनिक सूचना मार्फत बोलपत्र सूचना आव्हान गर्ने। |
| ७ | अन्तर धार्मिक शान्ति पार्कको ठेक्का सम्बन्धमा । | अन्तर धार्मिक शान्ति पार्क निर्माणको ठेक्का प्रकृया अगाडि बढाउने। |
| ८ | खाना आवास भुक्तानी सम्बन्धमा । | लेटाङ नगरपालिका कार्यालयमा राष्ट्रिय भूमि आयोग जिल्ला समिति मोरङबाट खटिइ आएका कार्यरत ३ जना अगिनहरुको खाना तथा आवास खर्च रकम भुमिहीन दलित |

भुपेन्द्रकुमार लावती

नगर प्रमुख

| | | |
|---|---|---|
| | | भुमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी जग्गा व्यवस्थापन कार्यक्रम शिर्षकबाट भुक्तानी दिने । |
| ९ | भुक्तानी सम्बन्धमा। | डेङ्गी संक्रमण न्यूनिकरण गर्नका लागि वडा कार्यालय मार्फत टोल टोलमा स्प्रे हान्नका लागि जनशक्ति परिचालन गरिएकोमा देहाय बमोजिमको जिल्ला दररेट अनुसार खटिएको जनशक्तीलाई पारिश्रमिक र खाजा खर्चको लागि रू ८७३६३० बिनियोजन गर्ने। (श्रोतः प्रकोप व्यवस्थापन शिर्षकबाट)<br>देहायः<br>दैनिक पारिश्रमिकः रू ७००/-<br>दैनिक खाजा खर्चः रू १५०/- |
| १० | इन्धन सम्बन्धमा । | इलाका प्रहरी कार्यालय लेटाङलाई मासिक रुपमा ७० लिटर डिजेल र प्रहरी चौकी जाँते र प्रहरी चौकी बुधबारेलाई मासिक रुपमा २०/२० लिटर पेट्रोल उपलब्ध गराउने। |
| ११ | लेटाङ महोत्सव मेला स्वीकृत सम्बन्धमा। | द ब्वाइज क्लब लेटाङ ४ ले २०८० सालको बडादशै र तिहार अवसरमा लागुऔषध दुर्व्यसनी नियन्त्रण र पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले मिति २०८०।०७।०४ देखि २०८०।०७।१८ गतेसम्म लेटाङ महोत्सव मेला सञ्चालन गर्न अनुमति माग गरेकोमा मेलाको सम्पूर्ण सुरक्षाको जिम्मेवार आयोजकले लिने गरी र लेटाङ नगरपालिका आर्थिक ऐन २०८० ले तोकेको दस्तुर लिएर उक्त मेला सञ्चालन गर्नका लागि जिल्ला प्रशासन कार्यालय मोरङमा सिफारिस दिने। साथै नियन्त्रण बाहिरको स्थिति देखिएमा वा असामान्य स्थितिको महसुस नगरपालिकाले गरेमा जुनसुकै अवस्थामा पनी नगरकार्यपालिकाको निर्णय मार्फत मोहोत्सव स्थगितको निर्णय गर्न सक्नेछ। |
| १२ | कर्मचारी भर्ना सम्बन्धमा। | लेटाङ अस्पताल लगायत नगरपालिकाका अन्य स्वास्थ्य संस्थाहरुमा रिक्त रहेका देहायका पदहरुमा लोकसेवा आयोगबाट परीक्षा लिई बैकल्पिक र अस्थायी सूचीमा परेका उम्मेद्वारहरु खुल्ला सूचना आव्हान गरी करारमा लिने। |

| क्र.सं. | सेवा/समूह | तह | पद | संख्या | रिक्त रहेको कार्यालय |
|---|---|---|---|---|---|
| १. | स्वास्थ्य/ज.हे.स. | आठौं | मेडिकल अधिकृत | १ | लेटाङ प्रा. स्वा.केन्द्र/लेटाङ अस्पताल |
| २. | स्वास्थ्य/जनरल नर्सिङ | पाँचौं | स्टाफ नर्स | १ | लेटाङ प्रा. स्वा.केन्द्र/लेटाङ अस्पताल |
| ३. | स्वास्थ्य/हेल्थ ईन्स्पेक्सन | पाँचौं | हेल्थ असिस्टेन्ट | १ | वारङ्गी स्वास्थ्य चौकी |

भुपेन्द्रकुमार लावती
नगर प्रमुख

लेटाङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लेटाङ, मोरङ
कोशी प्रदेश, नेपाल

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ४. | स्वास्थ्य/हेल्थ ईन्स्पेक्सन | चौथों | अ.हे.व. | १ | वारङ्गी स्वास्थ्य चौकी |
| | | ५. | स्वास्थ्य/हेल्थ ईन्स्पेक्सन | चौथों | अ.हे.व. | १ | भोगटेनी स्वास्थ्य चौकी |
| | | ६. | स्वास्थ्य/हेल्थ ईन्स्पेक्सन | चौथों | अ.हे.व. | २ | जौंते स्वास्थ्य चौकी |
| १३ | गत आ.व.को खर्च भुक्तानी सम्बन्धमा। | गत आ.व.मा तपसिल बमोजिम खर्च भएका र भुक्तानी दिन बाँकी रहेका रकमहरु भुक्तानी दिने।<br>क) आरम्भ प्रिन्टिङ प्रेस- रू २२००७२।-,<br>ख) साप्ताहिक नमस्कार (पत्रिका) - रू२५००।,<br>ग) नमस्ते दैनिक – रू२५००।-,<br>घ) पप्पु होटल एण्ड लज लेटाङ- रू १३७५००।–<br>ङ) लेटाङ नगरपालिका वडा नं. ५ को आधारभुत स्वास्थ्य केन्द्र परिसर भित्र मर्मत सम्भार खर्च ९५२५०। (अन्य सार्वजनिक निर्माण शिर्षकबाट) | | | | | |
| १४ | डोर हाजिर काममा लगाउने सम्बन्धमा। | लेटाङ नगरपालिका वडा नं ९ को वडा कार्यालयमां रिक्त रहेको ओभरसियर (प्राविधिक कर्मचारी) पदमा डोर हाजिरमा लिई कामकाज गराउने । | | | | | |
| १५ | वडा नं. २ वडा कार्यालयको भवन निर्माणको म्याद थप सम्बन्धमा। | ठेक्का नं LM/MOR/NCB/W/11/078/79 वडा कार्यालय भवन निर्माण वडा नं. २ को भवन निर्माणको समयमा नै सम्पन्न नभएकोले म्याद थपको लागि निवेदन दिएकोले २०८० असोज मसान्तसम्म म्याद थप गर्ने। | | | | | |
| १६ | प्रोत्साहन रकम दिने सम्बन्धमा। | प्रतिवन्धित समयमा अवैध रुपमा नदीजन्य पदार्थ ओसारपसार गर्दा नियन्त्रणमा लिई तोकिए बमोजिमको राजस्वको असुल भएमा सम्बन्धितलाई असुल भएको राजस्व रकमको २५% प्रोत्साहन बापत रकम दिने। | | | | | |
| १७ | नगर शिक्षा समितिलाई पूर्णता दिने। | शैक्षिक व्यवस्थापन कायबिधि २०७४ को दफा २५ (१) (ख) बमोजिमको नगर शिक्षा समितिमा देहाय बमोजिम सदस्य तोक्ने<br>वडा अध्यक्ष एवम् का.पा. सदस्य श्री तेज प्रसाद तिम्सिना<br>वडा सदस्य एवम् का.पा. सदस्य चम्पा थापा मगर | | | | | |
| १८ | औषधि खरिद सम्बन्धमा। | हाल लेटाङ नगरपालिकामा डेङ्गी रोग संक्रमण अझै बढ्दै गएकाले उक्त संक्रमण नियन्त्रण गर्नका लागि रू ५ लाख बिनियोजन गर्ने (शिर्षक:प्रकोप व्यवस्थापन कोषबाट) | | | | | |
| १९ | दररेट बिश्लेषण स्विकृत सम्बन्धमा। | यस लेटाङ नगरपालिकामा नगर कार्यपालिकाको मितिर२०८०/०४/४ गतेको पहिलो बैठकबाट स्विकृत गरिएको आ.व.२०८०/८१ को दररेट बिश्लेषण भई आएकाले उक्त बिश्लेषण सहितको दररेट स्विकृत गर्ने। | | | | | |

भुपेन्द्रकुमार लावती
नगर प्रमुख

लेटाङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लेटाङ, मोरङ
कोशी प्रदेश, नेपाल

| | | |
|---|---|---|
| २० | अनुगमन सम्बन्धमा। | लेटाङ नगरपालिका भित्र बजार अनुगमन लाई नियमित तथा प्रभावकारी बनाउने। साथै सम्पूर्ण बिषयगत शाखा उपशाखाहरूले आफ्नो मातहतका कार्यक्षेत्रमा निरन्तर अनुगमन तथा कानुन बमोजिमको आवश्यक नियमन कार्य गर्ने। |
| २१ | डेङ्गि रोगको जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धमा। | लेटाङ नगरपालिकामा हाल डेङ्गी संक्रमण अझै बढ्दो क्रममा रहेकाले उक्त संक्रमण न्यूनिकरण तथा व्यवस्थापनका लागि देहाय बमोजिमको कार्यक्रम संचालन गर्ने।<br>**देहायः**<br>१.लामखुट्टेको लाभा खोजी र नस्ट गर्ने कार्यक्रमलाई अझै व्यवस्थित गर्न विद्यालय मार्फत समुदायमा शिक्षा तथा स्वास्थ्य शाखाको नेतृत्वमा कार्यतालिका बनाई नियमित रूपमा गर्ने।<br>२.लेटाङ नगरपालिका क्षेत्रभित्र रहेका निजि मेडिकल र स्वास्थ्य संस्थाहरूले डेङ्गी संक्रमण परिक्षण गर्दा अधिकतम रू६०० मात्र शुल्क लिन पाउने गरी तोकी उक्त जानकारीको सूचना प्रकाशन गर्ने। |
| २२ | स्थानीय द्रुत प्रतिकार्य समिति गठन सम्बन्धमा। | लेटाङ नगरपालिकामा स्वास्थ्य क्षेत्रको बिपद्को समयमा द्रुत प्रतिकार्यको आवश्यक रहने भएकाले नगर प्रमुखको संयोजकत्वमा देहायको सदस्य सहितको स्थानीय द्रुत प्रतिकार्य समिति गठन गर्ने।<br>नगर प्रमुख – संयोजक<br>नगर उपप्रमुख – सदस्य<br>प्रमुख प्रशासकिय अधिकृत – सदस्य<br>लेटाङ अस्पताल प्रमुख – सदस्य<br>विपद् व्यवस्थापन शाखा प्रमुख वा बिपद् फोकल पर्सन – सदस्य<br>सामाजिक विकास समिति संयोजक – सदस्य<br>लेटाङ नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख – सदस्य सचिव |
| २३ | नदि उकासको भुक्तानी सम्बन्धमा। | १.लेटाङ नगरपालिका वडा नं ५ मा मोरङ्गेखोलाको पानी सिचाईको रूपमा प्रयोग गर्दै गरेकाले जोरकुप ईनार पुर्व पक्की पुल दक्षिण पट्टी पानी उकास खर्च रू ३१४६२ भुक्तानी गर्ने। (श्रोतः निर्मित पैनिहरूको मर्मत स्तरउन्नती तथा तटबन्धन)<br>२.लेटाङ नगरपालिका वडा नं ५ मा मोरङ्गेखोलाको पानी सिचाईको रूपमा प्रयोग गर्दै गरेकाले जोरकुप ईनार दक्षिण मोरङ्गे खोला पश्चिम भर्लेनी पैनी नजिक पानी उकास खर्च रू २०९०५ भुक्तानी गर्ने। (श्रोतः निर्मित पैनिहरूको मर्मत स्तरउन्नती तथा तटबन्धन) |

भुपेन्द्रकुमार लावतीं
नगर प्रमुख